**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०५ जून २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- राज्यका मुख्यमन्त्री शुभेन्दु अधिकारीले शहरीकरण र पर्यावरण असन्तुलनलाई लिएर चिन्ता व्यक्त गर्नु भयो।

- दार्जीलिङका सांसद राजु विष्टले कालेबुङमा मेडिकल कलेज स्थपना गर्ने प्रक्रिया औपचारिक रूपमा अघि बडेको जानकारी गराउनु भएको छ।

- चाना दाल काण्डमा सञ्जु छेत्री विरूद्ध जीटीएले एफआईआर  दर्ता गर्ने जीटीएका मुख्य कार्यपाल अनित थापाले जानकारी दिनु भएको छ।

- सीआईडी समन मुद्दामा कलकत्ता उच्च अदालतले तृणमूल कांग्रेसका महासचिव तथा लोकसभा सांसद अभिषेक ब्यानर्जीले चाँडै सुनुवाइको लागि गरिएको याचिका खारेज गरेको छ।

- मौसम विभागले आगामी हप्ता दक्षिण बंगालका लगभग 6 जिल्लामा वर्षा हुने अनुमान व्यक्त गरेको छ।

**मुख्यमन्त्री- पर्यावरण दिवस**

राज्यका मुख्यमन्त्री शुभेन्दु अधिकारीले शहरीकरण र पर्यावरण असन्तुलनलाई लिएर चिन्ता व्यक्त गर्नु भयो। विश्व पर्यावरण दिवसको अवसरमा कोलकाताको नलबन क्षेत्रमा आयोजित एक कार्यक्रममा सम्बोधन गर्नु हुँदै द्रुत गतिमा विस्तार भइरहेको कंक्रीट, जंगल र फराकिलो आवासीय परिसरहरू बीच हरियाली हराउँदै गइरहेको , जसले भविष्यमा गम्भीर परिणामहरू निम्त्याउन सक्ने बताउनु भयो। मुख्यमन्त्रीले स्पष्ट रूपमा भन्नु भयो, निर्माण परियोजनाहरू स्वीकार गर्ने अधिकारीहरूले कम्तिमा एक तिहाइ जमिन रूखहरूले ढाकिएको सुनिश्चित गर्नुपर्छ। यद्यपि, यो नियम व्यवहारमा पालना गरिएको छैन। उहाँले यसलाई गम्भीर लापरवाही बताउनु हुँदै भन्नु भयो, पर्यावरण सन्तुलन कायम राख्न यो नियमको कडाइका साथ कार्यान्वयन आवश्यक छ।यस अवसरमा, "आमाको नाममा एक रूख" अभियान अन्तर्गत छ लाख फलफूलका रूखहरू रोप्ने राज्य सरकारको योजनाको बारेमा जानकारी दिइएको थियो। आगामी मनसुन मौसमको लागि १ करोड १० लाख रूखहरू रोप्ने लक्ष्य राखिएको छ। मुख्यमन्त्री सुभेन्दु अधिकारीले वृक्षारोपण मात्र नभई तिनीहरूको संरक्षण पनि उत्तिकै महत्त्वपूर्ण रहेको, अन्यथा यो केवल औपचारिकता मात्र हुने बताउनु भयो। उहाँले शिक्षा प्रणालीमा पर्यावरण र वृक्षारोपणलाई व्यापक रूपमा समावेश गर्नुपर्ने आवश्यकतामा पनि जोड दिनु भयो। मुख्यमन्त्रीले विद्यालयको पाठ्यक्रममा यस विषयमा पहिले नै अध्यायहरू भए पनि नयाँ पुस्तामा पर्यावरणको चेतना बढाउन यसलाई अझ प्रभावकारी बनाउनु पर्ने बताउनु भयो।कार्यक्रममा मन्त्री शंकर घोष, शारद्वत मुखोपाध्याय, विधायक पीयूष कानोरिया, लकेट चटर्जी, मुख्य सचिव मनोज अग्रवाल, मुख्यमन्त्रीका सलाहकार सुब्रत गुप्ता सहित वरिष्ठ प्रशासनिक अधिकारी उपस्थित थिए।

**कालेबुङ मेडिकल कलेज**

दार्जीलिङका सांसद राजु विष्टले कालेबुङमा मेडिकल कलेज स्थपना गर्ने प्रक्रिया औपचारिक रूपमा अघि बडेको जानकारी गराउनु भएको छ। श्री विष्टले गत 29 मईको दिन कोलकतामा मुख्यमन्त्री सुभेन्दु अधिकारीसँग भएको उच्च स्तरीय बैठकपछि मुख्यमन्त्रीले डीपीआर तयार पार्ने निर्देश दिनु भएको बताउनु भएको छ। यसक्रममा कालेबुङको डुग्रास्थित कृषि विश्व

विद्यालय परिसरमा 20 एकड़ जमिन मेडिकल कलेजका लागि पहिचान गरिएको छ। उहाँले यो जमिन स्वस्थ्य तथा परिवार कल्याण विभागलाई अन्तर विभागीय हस्तानन्तरण गर्ने प्रस्ताव अघि बढाएको बताउनु भएको छ। यसका साथै सम्बन्धित विभागको स्वीकृतिपछि निर्माण कार्य शुरू हुने पनि उहाँले एक प्रेस विज्ञप्ति जारी गर्नु हुँदै जानकारी गराउनु भएको छ। श्री विष्टले यसका लागि प्रधानमन्त्री नरेन्द्र मोदी अनि मुख्यमन्त्री शुभेन्दु अधिकारीप्रति आभार प्रकट गर्नु भएको छ।

**शंकर चक्रवती पक्राउ**

बांकुरा जिल्लाका प्रभावशाली तृणमूल नेता शंकर चक्रवर्तीलाई पुलिसले पक्राउ गरेको छ। उनीमाथि विधानचन्द्र कृषि विश्वविद्यालयको पुरानो क्याम्पसको जग्गा अवैध रूपमा कब्जा गरेको र व्यक्तिगत प्रयोगको लागि त्यहाँ संरचनाहरू निर्माण गरेको आरोप छ। रिपोर्ट अनुसार, छतनामा रहेको विश्वविद्यालयको पुरानो क्याम्पस २०१८ मा शुशुनियामा सारिएको थियो। शंकर चक्रवर्तीले बिस्तारै क्याम्पसको लगभग २९ एकड जग्गा कब्जा गरेको र त्यहाँ कुखुरा फार्म, खेतीपाती र अन्य गतिविधिहरू सञ्चालन गरेको आरोप छ। हिज विश्वविद्यालय क्याम्पसबाट सरकारी सामान ट्रकमा लैजाँदै अर्को स्थानमा लगिरहेको जानकारी प्रकाशमा आएको थियो। जानकारी पाएपछि छतनाका विधायक सत्यनारायण मुखोपाध्याय घटनास्थलमा पुगेपछि, विश्वविद्यालयका डीनले छतना पुलिस थानामा लिखित उजुरी दर्ता गरेका थिए। उजुरीको आधारमा, पुलिसले जाँच सुरु गर्यो र बिहीबार राति शंकर चक्रवर्तीलाई पक्राउ गरेको छ।

**अनित थापा- दाल काण्ड**

दाल काण्डमा सञ्जु छेत्री विरूद्ध फर्जी काण्डमा जीटीएले एफआईआर दर्ता गर्ने जीटीएका मुख्य कार्यपाल अनित थापाले जानकारी दिनु भएको छ। उहाँले आज एक भिडियो सन्देश जारी गर्नु हुँदै आफूले यस सम्बन्धमा जीटीएका सचिव अनि इडीसँग यस विषयमा राम्ररी जानकारी लिएको र उनीहरू अनुसार जीटीएले कुनै पनि ठाउँमा दालको आवेदन नगरेको बताइएको छ। श्री थापाले भन्नु भयो,जीटीएमा कुनै पनि प्रस्ताव राख्नु परे, प्रक्रिया अनुसार विभागले प्रस्ताव सेक्रेटरीलाई पठाउँछ। सेक्रेटरीले मुख्य सचिवलाई अनि मुख्य सचिवले राज्यका प्रमुख सचिवलाई पठाउने गर्छ। केन्द्रको योजना छ भने राज्यका मुख्य सचिवले केन्द्रलाई पठाउँछ। तथापि जीटीएले चानाको दालको प्रस्ताव नपठाएको र कुनै राशी भुक्तान भएको छ। उहाँले चाना दाल प्रकरणमा जीटीए कतै संलग्न नरहेको, तर जिटिएको नाममा दाल माथि धाँधली भएको बताउनु भएको छ। श्री थापाले भन्नु भयो, सन्जु क्षेत्री नामक एक व्यक्तिले जीटीएको नाम गरेर दाल प्रकरणमा धाँधली गर्न कोसिस गरेको र सन्जु क्षेत्रीको विरुद्ध थानामा एफआईआर दर्ता गर्ने छौ ।

**अभिषेक ब्यानर्जी- याचिका खारेज**

सीआईडी समन मुद्दामा कलकत्ता उच्च अदालतले तृणमूल कांग्रेसका महासचिव तथा लोकसभा सांसद अभिषेक ब्यानर्जीलाई ठूलो झट्का दिएको छ। अदालतले चाँडै सुनुवाइको लागि गरिएको उनको याचिका खारेज गरेको छ। यो मुद्दा चार प्रमुख पदहरूको लागि मनोनयन प्रक्रियाको क्रममा केही विधायकहरूको हस्ताक्षरमा विसंगति भएको आरोप सहित विधानसभामा विधायकहरूको हस्ताक्षरमा कथित अनियमिततासँग सम्बन्धित छ। विधानसभा सचिवालयले यस विषयमा जाँच गर्ने जिम्मा सीआईडी- लाई दिएको थियो। अभिषेक ब्यानर्जीले ३ जुन मा कलकत्ता उच्च अदालतमा याचिका दायर गरेर सीआईडी समनलाई चुनौती दिंदै र कुनै पनि दण्डात्मक कारबाही वा गिरफ्तारीबाट सुरक्षाको माग गरेका थिओ । आज, मुद्दा न्यायाधीश चैताली चट्टोपाध्यायको एकल न्यायाधीशको अवकाश बेन्चमा सुनुवाइको लागि आयो, जहाँ अदालतले द्रुत सुनुवाइको लागि उनको अनुरोध अस्वीकार गऱ्यो। सीआईडी- ले १ जुन मा सोधपुछको लागि अभिषेक बनर्जीलाई बोलाएको थियो। यद्यपि, उनले स्वास्थ्यको कारण देखाउँदै उपस्थित हुन थप समय मागे। यसपछि, सीआईडी- ले उनलाई जुन ८ मा उपस्थित हुन नयाँ समन जारी गरेको छ।

**सांसद विष्ट – पर्यावरण दिवस**

दार्जीलिङका सांसद राजु विष्टले कालेबुङ वन विभागद्वारा आयोजित पुजय डाँडा इको-टुरिज्म साइटमा विश्व पर्यावरण दिवसमा भाग लिनु भयो । कार्यक्रमपछि एक प्रेस विज्ञप्ति जारी गर्नु हुँदै श्री विष्टले भन्नु भयो, विश्व वर्यावरण दिवसले हाम्रो पर्यावरण

संरक्षण गर्नु साझा जिम्मेवारी हो भन्ने कुराको महत्त्वपूर्ण सम्झना गराउँछ। उहाँले पर्यावरण र प्रकृतिको हेरचाह गर्नु क्यालेन्डरमा केवल एक दिनमा मात्र सीमित नभएर हरेक दिन पालना गर्न प्रतिबद्ध हुनु पर्ने बताउनु भयो। उहाँले भन्नु भयो, विश्वभरि, हामी जलवायु परिवर्तन, जैविक विविधताको क्षति, वायु र जल प्रदूषण, बढ्दो तापक्रम, खडेरी र अचानक बाढीको बढ्दो प्रभावहरू देखिरहेका छौं। उहाँले भन्नु भयो वृक्षारोपण केवल संरक्षणको कार्य मात्र होइन, यो कृतज्ञता, हेरचाह र हाम्रा भावी पुस्ताहरूप्रतिको हाम्रो प्रतिबद्धताको प्रतीक हो।

**भाजयुमो दार्जीलिङ**

आज ५ जुन, विश्व पर्यावरण दिवसको अवसरमा भारतीय जनता युवा मोर्चा दार्जिलिङ युवा टोली तथा जिल्ला टोलीको संयुक्त आयोजनामा वृक्षारोपण कार्यक्रम सम्पन्न गरियो। भाजयुमो दार्जीलिङका सचिव सनन्द छेत्रीले पर्यावरण संरक्षण र हरियाली प्रवर्द्धन गर्ने उद्देश्यका साथ भारतीय जनता पार्टी परिवारले विगत १२ वर्षदेखि निरन्तर रूपमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्दै आएको बताउनु भयो। उहाँले गत वर्ष सिद्ध्राबुङ जलविद्युत् परियोजना क्षेत्रमा वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको थियो भने यस वर्ष पनि सोही अभियानलाई निरन्तरता दिँदै वृक्षारोपण कार्यक्रम आयोजना गरिएको बताउनु भयो। यस कार्यक्रम गोर्खाल्याण्ड आन्दोलनका शहीदहरूको स्मृतिमा समर्पित गरिएको थियो। कार्यक्रममा युवा कार्यकर्ताहरू, स्थानीय बासिन्दाहरू तथा बालबालिकाहरूको उत्साहजनक सहभागिता रहेको थियो। विशेष गरी बालबालिकाहरूको सक्रिय सहभागिताले वातावरण संरक्षणप्रति नयाँ पुस्तामा चेतना र जिम्मेवारीको भावना विकास भइरहेको सन्देश दिएको छ।

**नक्सलबाडी – पर्यवरण दिवस**

विश्व पर्यावरण दिवसको अवसरमा, नक्सलबारीमा "एक पेड माँ के नाम" भन्ने सन्देशसहित वृक्षारोपण कार्यक्रम आयोजना गरिएको थियो। यो कार्यक्रम बाबु जगजीवन राम छात्रावास परिसरमा खरसाङ वन विभाग र नक्सलबारी ब्लक प्रशासनको संयुक्त पहलमा आयोजना गरिएको थियो। कार्यक्रममा राज्यमन्त्री आनन्दमय बर्मनले व्यक्तिगत रूपमा बिरुवा रोपेर पर्यावरण संरक्षणको सन्देश दिनु भयो। कार्यक्रममा नक्सलबारी ब्लक विकास अधिकारी, पञ्चायत समिति अध्यक्ष र विपक्षी दलका नेता लगायत धेरै प्रतिष्ठित व्यक्तिहरू उपस्थित थिए। मन्त्रीले पर्यावरण संरक्षण आज सबैको लागि चिन्ताको विषय भएको बताउनु हुँदै, सबैले भाग लिनु पर्ने बताउनु भयो। उहाँले प्रधानमन्त्रीको "एक पेड माँ के नाम" को सन्देशलाई अगाडि बढाउँदै यो अभियान राज्यभर लागू भइरहेको बताउनु भयो। उहाँले पर्यावरण सन्तुलन संरक्षण र कायम राख्न आगामी वर्षमा १ करोड बिरुवा रोप्ने लक्ष्य रहेको पनि जानकारी दिनु भयो।

**तृणमुल नेता पक्राउ**

पूर्वी मेदिनीपुर जिल्ला परिषदका स्वास्थ्य अधिकारी तथा तृणमूल कांग्रेसका नेता शेख शमसुल इस्लामलाई नन्दीग्राम पुलिसले पक्राउ गरेको छ। पुलिसले उनलाई हिज राति दौडपुरस्थित उनको घरबाट हिरासतमा लिएको छ। पुलिस स्रोत अनुसार शेख शमसुल इस्लामविरुद्ध बम विस्फोटको मुद्दामा जाँच भइरहेको थियो। अप्रिलमा उनको घरमा बम विस्फोट भएपछि यो मुद्दा उठेको थियो। उक्त घटनामा उनका छोरा पनि घाइते भएको बताइएको छ। स्थानीयका अनुसार सिँढी मुनि राखिएको पोलिथिनको प्याकेट निकाल्ने क्रममा शक्तिशाली विस्फोट भएको थियो। घटनापछि, पुलिसले घटनास्थलमा पुगेर खोजी गर्दा धेरै ताजा बमहरू बरामद गरेको थियो। त्यसपछि जाँच सुरु गरिएको थियो। जाँचको क्रममा, पुलिसले शेख शमसुल इस्लामको कथित संलग्नताको प्रमाण फेला पारेको थियो। बिहीबार मध्यरातमा, नन्दीग्राम पुलिसले दौडपुर क्षेत्रमा छापा मारेको थियो, उनको घर घेरेको थियो र उनलाई त्यहाँबाट पक्राउ गरेको थियो। नन्दीग्राम पुलिस थानाका इन्चार्ज अजय कुमार मिश्राले बताए अनुसार, बम विस्फोटको मुद्दामा तृणमूल नेतालाई पक्राउ गरिएको छ। यस विषयमा जाँच जारी छ।

**गोरामुमो- सुके**

गोर्खा राष्ट्रिय मुक्ती मोर्चा सुके खण्ड कमिटी गठन भएको छ। जे के राईको अध्यक्षतामा सम्पन्न भएको सभामा गोरामुमो सुके मानेभञ्ज्याङ समष्टि अध्यक्ष अशोक बराइलीको प्रमुख उपस्थिति रहेको पार्टीका मिडिया सेल प्रभारी दिनेस साम्पाङले जानकारी दिनु भएको छ ।सुके खण्ड अन्तर्गत १६ वटा ग्राम पञ्चायतका तीन जना सदस्यहरुलाई ६० सदस्यीय सुके खण्ड समिति

गठन गरिएको छ। हेमराज सुब्बालाई अध्यक्ष चयन गरिएको छ भने प्रीतम तामाङ, निर्मल चन्द्र राई , सचिन राईलाई उपाध्यक्ष, नर्बु शेर्पालाई सचिव, निर्मल राई मनदिप थापा, जे के राईलाई सह सचिव अनि , नेत्रप्रसाद शर्मा, नर्बु छिरिङ , तामाङ अनि निशान भारतीलाई कोषाध्यक्षको रूपमा चयन गरिएको छ।

**नक्सलबारी- पक्राउ**

नक्सलबारी पुलिस थानाले प्रतिबन्धित कफ सिरपसहित दुई युवालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सुरज शर्मा र सुजय पाल रहेका छन्। दुवै नक्सलबारी स्टेशन पाडा क्षेत्रका बासिन्दा रहेको बताइएको छ। प्राप्त जानकारी अनुसार हिज राति नक्सलबारी पुलिस थानामा स्थानीयवासीले लागुऔषध ओसारपसारमा दुई युवा निस्केको खबर दिएका थिए।

**मौसम**

मौसम विभागले आगामी हप्ता दक्षिण बंगालका लगभग 6 जिल्लामा वर्षा हुने अनुमान व्यक्त गरेको छ। यसैबीच, उत्तर बंगालका धेरै जिल्लाहरूमा भारी वर्षा जारी रहने अनुमान गरिएको छ।

****** ० ******